का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ असोज २०८१,
बिहीबार
10 October, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २४०। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




## आज फूलपाती

**काठमाडौं/मस–** दशैंको सातौ दिन आज हर्षोल्लासका साथ फूलपाती भित्र्याउने र बढाई गरिनेछ । सरकारले आजदेखि सार्वजनिक बिदा दिएकाले दशैंको उत्सव थप बढेको छ ।

आजका दिनबाट दशैंलाई थप महत्वका साथ मनाइन्छ । यो अवसरमा गोरखा दरबारबाट फूलपाती ल्याएर काठमाडौंको हनुमानढोका दशैं घरमा भित्र्याउने र सैनिक मञ्च टुँडिखेलमा राष्ट्रप्रमुख र सरकार प्रमुखको उपस्थितिमा नेपाली सेनाले फूलपाती बढाइँ गर्ने पुरानो परम्परा छ ।

इतिहासकार दिनेशराज पन्तले फूलपाती भित्र्याउने चलन मुख्यगरी राजामहाराजाको विजयी अभियानसँग सम्बन्धित रहेको बताउँछन् । 'खेतीपाती, वर्षा र हिलोमैलो सम्पन्न भएको, जनतासमेत सबै किसिमले फुर्सद भएका अवस्थामा राजामहाराजाले गर्ने विजयी यात्रासँग फूलपाती जोडिएको छ', समाचार एजेन्सी राससँग पन्तले भने ।

फूलपाती परम्पराको उत्पत्ति प्राचीन समयदेखि मानिन्छ । गोपाल वंशदेखि नै फूलपाती भित्र्याउने प्रचलन रहेको पाइन्छ । नेपालको प्राचीन राज्य गोरखा दरबारमा पनि तत्कालीन राजा राम शाहले धादिङको सल्ल्यानटार विजय गरेपश्चात् त्यहाँबाट फूलपाती भित्र्याउने प्रचलन रहेको अभिलेखमा पाइन्छ ।



*म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ घराम्दी गाउँमा दशैंको अवसरमा हालिएको लिंगेपिङ खेल्न मगर समुदायको मौलिक भेषभुषामा सजिएर भेला भएका स्थानीय । पृष्ठभूमिमा देखिएको निलगिरी र अन्नपूर्ण हिम शृङ्खलाको दृष्य । तस्वीरः सन्तोष गौतम, रासस*

## ज्ञानेन्द्र शाहको अर्थपूर्ण भ्रमण

भुटानी राजासँग भेटवार्ता गरेर फर्किएका पूर्वराजा ज्ञानेन्द्र शाहको कदमप्रति राजनीतिक दलका नेताहरु सतर्क देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

चार दिने भुटान भ्रमणबाट पूर्वराजा ज्ञानेन्द्र शाह स्वदेश फर्किएका छन् । ज्ञानेन्द्र शाहले दशैंको नवरात्रिमा देश नछोड्ने आफ्नै वंश परम्परा तोड्दै भुटान भ्रमण गरेका छन् ।

भुटानी राजा जिग्मे खेर नामग्यालका पिता जिग्मे सिंगे वाङ्चुकको निमन्त्रणामा छोरीहरु सहित थिम्पु पुगेका थिए । पूर्वराजा ज्ञानेन्द्रलाई भुटानमा रेडकार्पेट बिछ्याएर विशेष सम्मान दिइएको थियो । तर गार्ड अफ अनर थिएन । यद्यपि राष्ट्र प्रमुखकै हैसियतमा ज्ञानेन्द्र शाहको सम्मान गरिएको भनी कतिपयले आलोचना गरिरहेका छन् ।

यद्यपि भुटानी राजासँग नेपालका पूर्वराजाहरुको विशेष सम्बन्ध देखिने गरेको छ । तैपनि अहिलेकै परि



स्थितिमा भुटान भ्रमण हुनु र त्यहाँका राजासँग गरिएको भेटलाई चासोका साथ हेरिएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले त ज्ञानेन्द्र शाहको भ्रमणले मात्र नभएर उनको प्रयत्नले समेत नेपालमा राजतन्त्र फर्कन नसक्ने सार्वजनिक टिप्पणी गरेका छन् । अरु नेताहरु पनि ज्ञानेन्द्र शाहको गतिविधिप्रति सचेत देखिन्छन् ।

यसअघि पनि गणतान्त्रिक पक्षधर नेताहरुले ज्ञानेन्द्र शाहको गतिविधिप्रति अर्को आक्रोश पोख्ने गरेका थिए । पूर्वप्रधानमन्त्रीहरु बाबुराम भट्टराई र माधवकुमार नेपालले नागार्जुनकै सुविधा खोसिन सक्ने समेत चेतावनी दिएका थिए । अरु नेताहरुले पनि ज्ञानेन्द्र शाहको गतिविधिमा अंकुश आवश्यक रहेको बताउने गरेका छन् ।

तर ज्ञानेन्द्र शाह भने आफ्नो गतिविधिमा अडिग देखिन्छन् । भुटान भ्रमणमा निस्कनु अघि बाढी पहिरो पीडितहरुको समवेदनामा राष्ट्र प्रमुखकै जस्तो भाषामा बक्तव्य जारी गरेका थिए ।

भुटानबाट फर्केपछि पनि राजाकै हैसियतमा दशैंको शुभकामना बक्तव्य निकालेका छन् । बुधबार राजाकै हैसियतमा बक्तव्य जारी गरेका हुन् ।

'श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट विजया दशमी २०८१ को उपलब्धमा बक्सेको शुभकामना' बक्तव्यमा

पृष्ठ २ मा

## राष्ट्रगानबारे ज्ञान नभएका स्वर्णिम वाग्ले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति स्वर्णिम वाग्ले फेरि विवादमा तानिएका छन् । आफ्नै यूट्यूब च्यानलमा रास्वाकै सांसद एवं पूर्वमन्त्री सुमना श्रेष्ठसँग वाग्लेले राष्ट्रगानबारे गलत तथ्यका आधारमा बोलेका छन् ।

'हाम्रो ब्याकुल हो कि के राष्ट्र कवि भनेपछि आईएम भेरी क्युरियस, जनजाति पृष्ठभूमिको कविले नेपालको राष्ट्रिय गीत गाएर, हाम्रो गोपाल हुनुहुन्थ्यो नि, योञ्जन । गोपाल योञ्जनले म्युजिक भर्नु भएको भनेर



न्यूज पढेपछि' उनले भनेका छन् ।

यसपछि उनले आफूले राजाका छोराहरुसँगै पढेको देखि क्याम्ब्रिजसम्मको गफ लगाएका छन्, राष्ट्रगानबारे गलत तथ्य प्रस्तुत गर्दै ।

वाग्लेले राष्ट्रगान जस्तो आममानिसलाई थाहा हुने तथ्यबारे गलत बोलिरहँदा शिक्षा मन्त्री भइसकेकी सुमनाले समेत सच्याएकी छैनन् । त्यसैले रास्वपाका नेताहरुको बौद्धिकता भनेर खुबी टिप्पणी भइरहेको छ । जबकी राष्ट्रगानका लेखक हुन्, ब्याकुल माइला ।

गोप्य प्रतिस्पर्धाबाट छानिएको गीतलाई स्वर्णिमले जनजाति

पृष्ठ २ मा

## दलहरुले चियापान नराख्ने

बाढी पहिरोका कारण मुलुकमा संकट रहेकाले यसपटक राजनीतिक दलहरुले चियापान कार्यक्रम नराख्ने भएका छन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

राजनीतिक दलहरुले यो वर्ष दशैं, तिहार एवं छठको अवसरमा आयोजना गरिदै आएको चियापान नगर्ने भएका छन् । दलहरुले बक्तव्य नै जारी गरेर चियापान कार्यक्रम नराखिएको जानकारी दिएका हुन् ।

'यस वर्ष विगतका वर्षमा मनाउने गरिएको चाडपर्व लक्षित शुभकामना आदान-प्रदानका कार्यक्रम नगर्ने र सम्पूर्ण पंक्ति बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनर्स्थापनामा केन्द्रीत गर्ने' माओवादीको बक्तव्यमा भनिएको छ ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र महासचिव देव गुरुङले चियापानको साटो बिपद्को उद्धारमा खटिन कार्यकर्तालाई निर्देशन दिएका छन् ।

माओवादी केन्द्रकै जस्तो निर्णय नेपाली कांग्रेस, नेकपा एमाले लगायत दलहरुले पनि गरेका छन् । कांग्रेसको केन्द्रीय कार्य समिति बैठकबाटै चियापान कार्यक्रम नगर्ने

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## दशैं बिदामा श्रम स्वीकृति आंशिक बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असोज

वैदेशिक रोजगार विभागले दशैं बिदामा वैदेशिक रोजगारको श्रम स्वीकृति बन्द हुने जनाएको छ । विभागका निर्देशक तथा सूचना अधिकारी गुरूदत्त बरालले दशैं बिदामा नयाँ श्रम स्वीकृति बन्द हुने, तर यसअघि नै मिति (टोकन) लिइसकेकाहरूको हकमा भने श्रम स्वीकृति दिइने जानकारी दिए ।

श्रम स्वीकृतिका लागि परेका निवेदनमा बुधबार रातिसम्म भएपनि श्रम स्वीकृतिको प्रक्रिया टुंगो लगाउने तथा बिहीबारदेखि नयाँ श्रम स्वीकृतिका लागि अनलाइन निवेदन नलिइने र श्रम स्वीकृति पनि नदिइने बताए । दशैंपछि असोज २९ गतेदेखि श्रम स्वीकृति दिने निर्णय गरिएको उनले बताए ।

विभागले पुनः श्रम स्वीकृतिका लागि यसअघि नै टोकन लिइसकेकाहरूको हकमा भने सामान्य अवस्थामा जस्तै श्रम स्वीकृति दिने बताएको छ । नेपालमा दशैं, तिहार तथा छठजस्ता पर्व भएपनि विदेशस्थित रोजगारदाता कम्पनीले बिदा नदिँदा नेपालीहरू चाडपर्वको माहोल छोडेर पनि वैदेशिक रोजगारीमा जाने गरेका छन् । कतिपय त दशैंको टिकाकै दिनसमेत उड्ने गरेका छन् ।

विभागले दशैंलगत्तै वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने तयारी गरेको छ । गत हप्ता गरिएको नमुना परीक्षणमा नै प्रणालीले काम नगरेपछि विभाग थप तयारी गरेर असोज २९ गतेदेखि लागू गर्ने बताएको छ । विभागले प्रशिक्षार्थीको औंठाछाप हाजिरी लिँदा अनियमितता भएको भन्दै आँखाको रेटिना अध्ययन गर्ने आइरिस प्रणाली प्रयोगमा ल्याउन लागिएको बताएको छ ।







| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १४७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bartender | 2 | 0 | | 700 | १०३,०४७ | | | | | | | |
| 3. | Waiter | 5 | 0 | | 700 | १०३,०४७ | | | | | | | |
| 4. | Waitress | 0 | 5 | | 700 | १०३,०४७ | | | | | | | |
| 5. | Housekeeper | 5 | 0 | | 700 | १०३,०४७ | | | | | | | |
| 6. | Housekeeper | 0 | 5 | | 700 | १०३,०४७ | | | | | | | |



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

# जनतामा आएको संकटलाई न्यूनीकरण गर्न सरकार लागिपरेको छ : मुख्यसचिव अर्याल

**काठमाडौं/मस–** सरकारका मुख्यसचिव एकनारायण अर्यालले चाडबाडको समयमा पनि जनतामा आएको संकटलाई न्यूनीकरण गर्न सरकार लागिपरेको बताएका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले आज काठमाडौंमा आयोजना गरेको सुशासन प्रवर्द्धनमा नीति निर्माण तहका पदाधिकारीको भूमिका विषयक छलफल तथा विजया दशमी २०८१, को सुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यसचिव अर्यालले सो कुरा बताएका हुन् ।




उनले विपत्तिले धनजनको क्षति मात्र नभइ मानवीय क्षति पति अधिक भएकोप्रति दुःख व्यक्त गरे । चाडबाडको समयमा मूल्य बढाउने, भाडा वृद्धि गर्ने जस्ता क्रियाकलाप भइरहेको गुनासो आएको बताउँदै उनले त्यस्ता कार्य गर्नेलाई कारबाही गरिने बताए । साथै उनले सकारात्मकरुपमा समाचार सम्प्रेषण गर्न र सरकारका कमी कमजोरीलाई केलाएर सुझाव दिन सञ्चार क्षेत्रलाई आग्रह पनि गरे ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगकी आयुक्त डा. सुमित्रा अमात्यले विपत्तिको पूर्व तयारी गर्नुको सट्टा विपत्ति भइसकेपछि त्यसको पछाडि दौडिने प्रचलन रहेको बताउँदै सत्तामा बसेकाहरुलाई झकझक्याउन पत्रकारको भूमिका रहेको हुँदा सशक्तरुपमा कलम चलाउन आग्रह गरिन् । यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव कुमार शर्माले अहिलेको विपत्तिबाट पाठ सिकेर आगामी विपत्तिका लागि तयार हुनुपर्नेमा जोड दिए ।

यसैगरी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलले नियमित ढंगले बजार अनुगमनमा गरिरहेको बताए । उच्च नेतृत्व बलियो भएमात्र कर्मचारीले गुणस्तरीय रूपमा काम गर्ने बताउँदै उनले बजारमा यदि कुनै उपभोक्ता ठगिए सिधै ११३७ मा सम्पर्क गर्न आग्रह गरे ।

समाचार पत्रका संपादक सागर पण्डितले सरकारले सुशासन कायम भए नभएको जनताले पाउने सेवामा खोज्न जरुरी रहेको बताए । भने, 'गाडीको टिकट लिने बेला जनतालाई अप्ठ्यारो परेको छ कि छैन, सहजरुपमा घर जान पाएका छन् कि छैनन् भन्ने कुरालाई ध्यान दिनुपर्छ । आजको दिनमा सुशासन भनेको बाटोघाटोमा खोज्न पर्छ ।'

जनताले राहत पाए कि पाएनन्, बजार अनुगमन भइरहेको छ कि छैन र मूल्य वृद्धिको विषयलाई पनि सरकारले प्राथमिकतामा राखी सम्बन्धित निकायले कानूनको परिधिमा रही जनताको लागि कार्य गर्नुपर्ने उनको भनाइ थियो् । यस्तैतराई विकास तथा सञ्चार केन्द्र नेपालका अध्यक्ष एवम् नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द चौलागाईंले बाढी पहिरोबाट पीडितहरुको अवस्था सुधारका लागि सरकारले चलिरहेको कदमबारे जानकारी लिन कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

कार्यक्रममा काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठ, भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनी कुमारी श्रेष्ठ, प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्य, प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदन कुमार श्रेष्ठलगायतको उपस्थिति थियो ।

# दशैं बिदामा पनि प्रेस काउन्सिलको नियमन जारी रहने

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले दशैंको बिदामा समेत मिडियाको नियमनलाई निरन्तर दिने भएको छ । काउन्सिलले आज जारी गरेको प्रेस विज्ञप्तिमा दशैं बिदाको समयमा आएका उजुरी, गुनासामा अनुगमन र सुनुवाइ हुने जनाएको छ ।




सहप्रशासकीय अधिकृत एवम् सहप्रवक्ता रामशरण बोहराले जारी गरेको विज्ञप्तिमा काउन्सिलको अनलाइन उजुरी प्रणाली तथा वेवसाइटमा उजुरीका लागि तोकिएको ठेगानामा इमेल गर्न सकिने उल्लेख छ ।

नेपाली मिडियाको नियमनकारी निकाय काउन्सिलले बडादशैं, तिहार, छठलगायत राष्ट्रिय पर्वहरू र नेपाल सम्वत् ११४५ को अवसरमा सम्पूर्ण सञ्चारमाध्यम, सञ्चाकर्मी, आमपत्रकार, सबै नागरिकप्रति शुभकामना प्रदान गरेको छ ।

चाडपर्वहरूले राष्ट्रिय एकता, भ्रातृत्व र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै यसलाई कायम राख्न सञ्चारमाध्यमको अहम भूमिका हुने काउन्सिलले जनाएको छ । चाडपर्वका समयमा पनि सदा झैं सही सूचना प्रवाह गर्ने सञ्चारकर्मी एवम् आमसञ्चार माध्यमको कर्तव्य र जिम्मेवारी रहेको उल्लेख गर्दै विज्ञप्तिमा गलत, समाजमा उत्तेजना/अफवाह फैलाउने, धार्मिक, सांस्कृतिक एवम् सामाजिक सद्भाव बिगार्ने, हिंसा एवम् आतंकलाई प्रशय दिने गरी समाचार सामग्री प्रकाशन प्रसारण नगर्न भनिएको छ ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले मिर्डियाकर्मीले हरसमय तथ्यपूर्ण, मर्यादित र जिम्मेवार पत्रकारिता गर्नुपर्ने भएकाले काउन्सिलले बिदाको अवधिमा नियमनको काम जारी राख्ने निर्णय गरेको बताए ।

काउन्सिलले भ्रामक, अश्लील एवम् अमर्यादित, वैयक्तिक गोपनीयता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न/नगराउन सञ्चारकर्मी, आमपत्रकार एवम् सञ्चारमाध्यमअन्तर्गत रहेका युट्युब च्यानललगायतका सामाजिक सञ्जालका प्रयोगकर्तालाई आग्रह गरेको छ ।

# लुम्बिनीका प्रदेश प्रमुखद्वारा दुई विधेयक फिर्ता

**लुम्बिनी/मस–** लुम्बिनी प्रदेशसभाबाट पारित भएका दुई विधेयक प्रदेश प्रमुखले प्रमाणीकरण नगरी सन्देशसहित फिर्ता पठाउनुभएको छ । प्रदेशसभाले प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाएका दुई वटा विधेयक प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले फिर्ता पठाएका हुन् ।




प्रदेश प्रमुखले फिर्ता पठाउनुभएको विधेयकमध्ये प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक छन् । उक्त विधेयक पुनर्विचारका लागि भन्दै फिर्ता पठाएको प्रदेश प्रमुख कार्यालयका सचिव वेदप्रसाद खरेलले विज्ञप्तिमार्फत जानकारी दिए ।

प्रदेशसभाबाट नेपालको संविधानको धारा १९९ बमोजिम पारित भइ धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित भइ प्रमाणीकरणका लागि पेस हुन आएका विधेयक संविधानको धारा २०१ को उपधारा(३) बमोजिम पुनःविचार हुन आवश्यक देखिएकाले प्रदेशसभामा फिर्ता पठाइएको विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश निजामती सेवा ऐन संशोधन विधेयक प्रदेशसभाबाट गत भदौ ३१ गते र स्थानीय निजामती सेवाको गठनसम्बन्धी विधेयक भदौ २७ गते पारित भएको थियो । यी दुवै विधेयक प्रदेश प्रमुखले मंगलबार प्रदेशसभामा फिर्ता पठाएका हुन् ।

प्रदेशसभाले पठाएको अन्य दुई विधेयक भने प्रदेश प्रमुख घर्तीले प्रमाणीकरण गरेका छन् । प्रदेश प्रमुख घर्तीले प्रदेश विपद् व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक र औद्योगिक व्यवस्थासम्बन्धी प्रचलित प्रदेश कानुन संसोधन र एकीकरण गर्न बनेको विधेयक प्रमाणीकरण गरेका हुन् ।

प्रदेश विपद् व्यवस्थापन विधेयक असोज २० गते र औद्योगिक व्यवसायसम्बन्धी विधेयक असोज २१ गते प्रमाणीकरण गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । विपद् व्यवस्थापन विधेयक प्रदेशसभाबाट भदौ गत २८ गते र औद्योगिक व्यवसायसम्बन्धी विधेयक भदौ ७ गते प्रदेशसभाबाट पारित भएको थियो ।

# नागढुंगा–नौबिसे सडकको जाम छल्न सीतापाइला–धार्के सडकको प्रयोग

**काठमाडौं/मस–** अहिले दशैंका लागि काठमाडौं उपत्यका छाडेर घर जाने यात्रु तथा सवारी साधनको जामका कारण नागढुंगा-नौबिसे सडकको सट्टामा सीतापाइला-धार्के सडकलाई प्रयोगमा ल्याउन थालिएको छ ।

अहिले अधिकांश साना सवारी साधन (हाइस, जिप, कार) सीतापाइला-धार्के सडक भएर जाने गरेको पाइएको छ । नागढुंगा-नौबिसे सडकको जाम छल्नका लागि भए पनि यातायात व्यवसायीहरुले उक्त सडकलाई प्रयोगमा ल्याउन थालेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

संघीय राजधानी काठमाडौं भित्रिँदा र बाहिँरिदा नागढुंगाको जाम छल्न सीतापाइला-धार्के सडक एउटा सशक्त विकल्प तयार हुने यातायात व्यवसायी बताउँछन् । अहिले उक्त सडकको प्रयोग गरेर कति सवारी साधन सञ्चालन हुने गरेका छन् भन्ने यकिन तत्थ्यांक नभए पनि दिनमा कम्तीमा पनि दुईदेखि तीन सयसम्म सवारी साधन उक्त बाटोको प्रयोग गरेर भित्रिने तथा बाहिरिने गरेको ट्राफिक प्रहरीले जनाएको छ ।

नागढुंगा-नौबिसे सडकको जाम छल्न यो सडक उपयुक्त भएकाले उक्त सडकको स्तरोन्नति गरिनुपर्ने माग बढेको छ । नागरिक स्तरबाट नै माग बढेपछि सरकारले काठमाडौंतर्फको पाँच किलोमिटर खण्डमा सडक विस्तारको काम शुरु गरिसकको छ । धार्के-सीतापाइला सडक कुल २४ किलोमिटरको भएको र सीतापाइला-रामकोट-भीमढुंगा-महेशफाँट हुँदै धार्केमा जोडिने गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले बताए ।

उनले भने, 'यो सडक २४ किमीको छ, सीतापाइला-रामकोट-भीमढुंगा-महेशफाँट हुँदै धार्केमा जोडिन्छ, यसको स्तरोन्नतिसहित चाँडै कालोपत्र गर्न सके नागढुंगा-नौबिसे सडकको जाम कम हुनेछ ।' नागढुंगा-नौबिसेको जाम छल्ने यो वैकल्पिक सडक भएको स्थानीयवासी बताउँछन् । यो सडक विस्तार भएर सञ्चालनमा आएपछि नौबिसेदेखि नागढुंगासम्म हुने सवारी साधनको जाम कम हुने सहसचिव ढकालको भनाइ छ ।

# जग्गा, आवास व्यवस्था पुनरावलोन गर्न कार्यदल गठन

**काठमाडौं/मस–** शहरी विकास मन्त्रालयले जग्गा, आवास विकासमा देखिएका समस्या समाधानका लागि सुझाव दिन एक कार्यदल गठन गरेको छ । शहरी विकास मन्त्रालयको भवन, आवास तथा योजना महाशाखा प्रमुख दिलीप भण्डारीको संयोजकत्वमा कार्यदल गठन गरेको हो । जग्गा, आवास विकाससँग सम्बन्धित व्यवस्था अध्ययन गरी पुनरावलोकन गर्नुपर्ने विषय पहिल्याई सुधारसहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने जिम्मेवारी कार्यदललाई दिइएको छ ।




कार्यदलमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका आयोजना निर्देशक नारायण भण्डारी, शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक एकराज अधिकारी, नेपाल जग्गा तथा आवास विकास महासंघका दुई प्रतिनिधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव र सदस्य सचिवका रुपमा शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय कार्यान्वयन इकाइका आयोजना निर्देशक प्रकाश अर्याल सदस्य छन् ।

नेपाल जग्गा तथा आवास विकास महासंघले गत साउन ११ गते संघ, प्रदेश र स्थानीय तहको भूमिका प्रष्ट गर्दै शहरी पूर्वाधार तथा सेवाको विकाससम्बन्धी एकीकृत ऐन जारी गर्न, घर तथा आवास भवनलाई पूर्वाधार निर्माण उद्योगका रुपमा स्वीकारेकाले यो क्षेत्रलाई अन्य उद्योगले पाए सरह सुविधा दिन सुझाव दिएको थियो । आव २०७९/८० को बजेटमा समावेश भएको एक सयभन्दा बढी युनिट भएको 'अपार्टमेन्ट'मा बढीमा २० प्रतिशत अपार्टमेन्ट विदेशीले खरिद गर्न पाउने घोषणालाई प्रभावकारी कार्यान्वयन गर्न, 'प्लानिङ पर्मिट' प्राप्त 'रियलस्टेट' कम्पनीहरुलाई मात्र घरजग्गाको व्यावसायिक कारोबार गर्न पाउने व्यवस्था गर्न महासंघले माग गरेको थियो ।

त्यस्तै, मेगासिटी, स्मार्टसिटी, पूर्वाधार युक्त करिडोर र व्यवस्थित शहरीकरणमा निजी लगानी आकर्षित गर्न सरकारी अनुमति प्राप्त रियलस्टेट कम्पनीलाई सहभागी गराई सहकार्य गर्ने कानूनी व्यवस्था गर्ने, हाल स्थानीय निकायले लिने सिफारिस शुल्क समान कायम गर्ने, रियलस्टेट उद्योगलाई बहुवर्षीय आयोजनासरह सुविधा दिनेलगायत सुझावमाथि कार्यदलले अध्ययन गर्नेछ ।

## ज्ञानेन्द्र...

लेखिएको छ । यस्तो बक्तव्य यसअघिका दशैंहरुमा पनि उनले निकाल्ने गरेका छन् ।

बक्तव्य निकाल्ने मात्र नभएर उनले राजनीतिक भाषा समेत प्रयोग गरेका छन् । 'नेपालका बारेमा नेपालीहरु नै निर्णायक हुनु पर्दछ भन्ने हाम्रो सोचको अपरिहार्यता वर्तमानमा देखा परेको अन्यौल र अराजकताले झन् पुष्टि गरेको छ', ज्ञानेन्द्रले लेखेका छन् ।

गत वर्ष त ज्ञानेन्द्र शाहले देशभर नागरिक अभिनन्दन सभा गर्दै हिडेका हिडेका थिए ।

## राष्ट्रगानबारे ...

पृष्ठभूमि जस्तो नचाहिदो तर्क गरेका छन् । किनकि ब्याकुल माइला जनजाति हुनुसँग यो राष्ट्रगानको कुनै साइनो छैन । यदि त्यो गीत लेख्ने अरु कोही भएपनि छनोट हुने त्यही थियो ।

संगीतकारबारे त स्वर्णिमले जग हँसाए । किनकि अम्बर गुरुङ जस्ता दिग्गज व्यक्तिले भरेको संगीतलाई उनले गोपाल योञ्जन भनिदिए । जबकी गोपाल योञ्जनको निधन २०५४ सालमै भएको हो भने राष्ट्रगान २०६३ सालको राजनीतिक परिवर्तन पछि फेरिएको हो ।

राष्ट्रगान गाउनेमा २० जना कलाकारहरु सहभागी छन् । यसरी आनका तान केही नमिल्ने तथ्य कुराकानीमा बोलेका थिए । यसपछि चर्को आलोचना खेपिरहेका स्वर्णिम वाग्लेले गलत बोलेकोमा माफी मागेनन् । बरु उक्त सम्वाद युट्यूबबाटै हटाउने काम गरे ।

स्वर्णिम भर्खरै यस्तै अभिव्यक्तिकै कारण विवादमा परेका थिए । उनले मनरो डक्ट्रिनको कुरा गर्दै मुलुकको सार्वभौमकता बिपरीत बोलेपछि चर्को आलोचना खेपेका थिए ।

प्रतिनिधि सभा बैठकमा अरु दलका सांसदहरुले वाग्लेको अभिव्यक्तिलाई लिएर चर्को आलोचना जनाएका थिए । विशेषगरी नेकपा एमालेका सांसदहरुले वाग्लेले माफी माग्नुपर्ने तर्क गरेका थिए । तर परराष्ट्र सम्बन्धमा भारत पक्षीय हुनुपर्ने वाग्लेको अभिव्यक्तिबारे रास्वपाकै नेताहरु बचाउमा उत्रेका थिए ।

## दलहरुले...

निर्णय भएको थियो । अघिल्ला वर्षहरुमा कांग्रेसले कोजाग्रत पूर्णिमाका दिन चियापान गर्ने गरेको थियो ।

कांग्रेसको चियापान भन्दा अघिपछि पारेर एमाले, माओवादी केन्द्र, राप्रपा लगायतले चियापान गर्दै आएका थिए । तर यसपटक कुनैपनि दलले चियापान नगर्ने भएका छन् । एमालेले सचिवालय बैठक राखेरै चियापान कार्यक्रम रद्ध गरेको थियो ।

गत ११ असोजमा बाढी पहिरो र डुबानका कारण झण्डै अढाइ सय नागरिकको मृत्यु भयो । ठूलो संख्यामा बेपत्ता र घाइते भए । सरकारकै मूल्यांकन अनुसार १७ अर्ब बराबरको क्षति भएको छ ।

राजधानी उपत्यकाका सहित सिन्धुपाल्चोक, सिन्धुली, काभ्रे, मकवानपुर, चितवन, ओखढलढुंगा लगायत जिल्लामा क्षति पुगेको छ । दशैंकै मुखमा बाढी पहिरोबाट ठूलो मानवीय एवं भौतिक क्षति भएकाले दलहरुले चियापान कार्यक्रम रद्ध गरेका हुन् ।

चियापान रद्ध गरेर सबै दलले पीडितको उद्धार, राहत वितरण र पुनर्स्थापना कार्यमा खटिन कार्यकर्ता पंक्तिलाई निर्देशन दिएका छन् । कांग्रेस र एमालेले पार्टीका तर्फबाट ५०/५० लाख रुपैयाँ उद्धार कोषमा जम्मा पनि गरेका छन् ।

## भुल सुधार

मिति २०८१/०६/२३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस थलरा गाउँपालिकाको Invitation for Sealed Quotation for the procurement goods विज्ञापनको IFB No. 1,2 र 3 मा Bidd Security Validity period (days from date of bid opening) मा ७५ दिन हुनुपर्नेमा अन्यथा भएकाले भूलसुधार गरिएको छ ।

## QATAR मा रोजगार

कम्पनी: TIVOLI GROUP — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ — चलानी नं.: ६०२२६५२५ — LT. No.: 312114

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३६,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

diana overseas
डायना ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल, फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

## QATAR मा रोजगार

कम्पनी: ALSAHEM ALDHAHABI FOR TRADING & GENERAL SERVICES — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ — चलानी नं.: ६०२२६५२२ — LT. No.: 312130

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | light / Heavy Driver (Qatar License Only) | 2 | 0 | | 1900 | ६९,८६३ | | | | | | | |

कम्पनी: APP LAB SOFTWARE TRADING, शहर: Doha — पूर्व स्वीकृत मिति: २०८१/०६/२२ — चलानी नं.: ६०२२६५२३ — LT. No.: 311829

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ९१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Mahagadhi Overseas P. Ltd.
Govt. Lic. No. 1282/074/075
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com

## साउदी र युएईमा रोजगार

कम्पनी: AL BAWANI CONSTRUCTION COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ — चलानी नं.: ६०२२६५१५ — L.T. No.: 311996

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 11 | 0 | स. काममा दक्ष | 1200 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता साउन्डलाइन ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ कार्तिक ९ गते (25 October 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कार्तिक ९ गते (25 October 2024) मा हुनेछ ।

कम्पनी: PACE ARABIC COMPANY, शहर: Riyadh — पूर्व स्वीकृत मिति: २०८१/०६/२३ — चलानी नं.: ६०२२६५१६ — L.T. No.: 311998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Kitchen Helper | 28 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GENERAL CONSTRUCTION COMPANY W L L, शहर: UAE — पूर्व स्वीकृत मिति: २०८१/०६/२३ — चलानी नं.: ६०२२६५१७ — L.T. No.: 312001

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 23 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Concrete Mason | 4 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 4. | Electrician. | 2 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 5. | Painter | 2 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 6. | Plumber | 3 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 7. | Skilled Blacksmith | 12 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताख्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch office- 023-536663 | 9801433027 | 9801433031 | 9801433029

# दोहोरो नागरिकताको समस्याबारे गम्भीर छलफल आवश्यक : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री दैवी प्रकोप राहत कोषका लागि आज गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले रु ५१ लाख हस्तान्तरण गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई संघका अध्यक्ष डा बद्री केसीसहितको प्रतिनिधिमण्डलले उक्त रकम हस्तान्तरण गरेको हो । अध्यक्ष डा केसीले हालैको बाढी, पहिरो र डुबानको खबरले आफूहरु दुःखित हुँदै कोषमा सहयोगका अतिरिक्त प्रभावित क्षेत्रमा रु एक करोड बराबरको राहत उपलब्ध गराउने कार्य भइरहेको जानकारी गराए । अध्यक्ष डा केसीले 'एनआरएनए नागरिकता' प्राप्त भएपछि आर्थिक र सामाजिक काममा पनि त्यसको प्रयोगमा समस्या रहेको गुनासो गरे ।

प्रधानमन्त्री ओलीले विपद्का समयमा मानवीय सहयोग गरेकामा संघलाई धन्यवाद दिँदै एक पटकको नेपाली सँधैको नेपाली हुने भए पनि विदेशको नागरिकता लिएपछि नेपालमा राजनीतिक अधिकार प्रयोग गर्न नमिल्ने स्पष्ट गर्दै दोहोरो नागरिकता समस्याको समाधानका लागि गम्भीर छलफल आवश्यक पर्ने बताए ।

प्रधानमन्त्री ओलीले संघको स्थापनापूर्वदेखि नै नेपालको समृद्धिमा गैरआवासीय नेपालीको भूमिकाका लागि आफू लागेको उल्लेख गर्दै कामका लागि विदेश गएकालाई एनआरएनएको परिभाषामा नराख्न आग्रह गरे । उनले संघलाई राजनीतिक आधारमा नभइ सबै गैरआवासीय नेपालीको साझा संस्थाका रुपमा अघि बढाउन सुझाव दिए ।

यसैगरी बुधबार नै साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका अध्यक्ष प्रदीपलाल श्रेष्ठले रु ६० लाख, विद्युत उत्पादन कम्पनी लिमिटेडका अध्यक्ष सुरेश आचार्यबाट कम्पनी र त्यहाँका कर्मचारीसमेतबाट रु ६ लाख ४६ हजार ५ सय, नेपाल इन्स्योरेस्स कम्पनी, भारतबाट रु १० लाख कोषमा हस्तान्तरण भएको छ ।

## बाढीबाट मधेशमा ८० करोडभन्दा बढीको क्षति



**धनुषा/मस-** हालैको बाढीबाट मधेश प्रदेशमा रु. ८० करोड ४५ लाख भन्दा बढीको क्षति भएको छ । मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहम्द अन्सारीका अनुसार बागमती, लालबकैया, झाझ, लमहा र गुजरा खोलाको बाढीले सबैभन्दा बढी क्षति रौतहटमा भएको छ । यो क्षति रु. १९ करोड ५० लाख भन्दा बढीको हो ।

सप्तरीको बलान, त्रियुगा, महुलीको बाढीले रु. १२ करोड ८० लाख तथा धनुषामा रातु, चारनाथ, कमला, जल्लाद, औरही, खहरे र वडहरीको बाढीबाट रु. नौ करोड ५० लाखको क्षति भएको छ ।

यसैगरी, सर्लाहीमा बागमती, लखनेहीसहितका खोलाको बाढीले रु. नौ करोड २५ लाख, बारामा रु. आठ करोड ५० लाख, सिरहामा रु. सात करोड ९० लाख, महोत्तरीमा रु. सात करोड ५० लाख र पर्सामा रु. पाँच करोड ५० लाखभन्दा बढीको क्षति भएको छ । बढीबाट क्षति भएका संरचनाको मर्मतसम्भारका लागि प्रदेश सरकारले रु. आठ करोड निकासा गरेको छ ।

## सशस्त्र प्रहरीद्वारा २१ लाख मूल्य बराबरका लत्ताकपडा बरामद

**वीरगञ्ज/मस-** सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साबाट खटिएको टोलीले भन्सार छली गरेर गोदाममा राखेको रु २१ लाख २१ हजार आठ सय मूल्य बराबरको लत्ता कपडा बरामद गरेको छ ।

सशस्त्र प्रहरीले वीरगञ्ज महानगरपालिका-१६ नगवा नयाँवस्तीस्थित भारतबाट भन्सार छली ल्याएर घरमा लुकाइछिपाइ राखेको तीन वटा गोदामबाट सो परिमाणमा लत्ताकपडा बरामद गरेको हो । सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका प्रहरी नायब उपरीक्षक नरेन्द्रसिंह धामीले भन्सार छली गरेर तीन वटा घरमा लुकाइ राखेको अवस्थामा लत्ताकपडा बरामद भएको जानकारी दिए ।

























मध्यान्ह
www.madhyanhadaily.com
२४ असोज २०८१, बिहीबार
10 October 2024, Thursday

## सम्पादकीय

# संकटका बीच उत्सव

संभव हुने जति दशैं मनाउन घर फर्कने क्रम चलिहरेको छ । टीका दुई दिन मात्र बाँकी रहेकाले धेरैजसो घर पुगिसकेका छन् । दुरी नजिकै भएकाहरू फर्कदैछन् । कतिपय त टीकाकै दिन बिहान समेत कतिपय घर फर्कन्छन् । तर धेरैजसो घर पुगिसकेका छन् । स्वदेशकै शहरहरूमा विभिन्न कामको प्रयोजनमा रहेकाहरू गाउँ फर्किएका छन् । विदेशमै रहेकाहरू पनि दशैं मनाउनेगरी कतिपय फर्किएका छन् । घर फर्कन नसक्नेहरूले भर्चुअल सम्वादमार्फत् शुभकामना आदानप्रदान गर्नेछन् । बदलिएको परिस्थिति अनुसार कतिपय चाहिँ दशैं मनाउन विदेश गएका छन् । परिवारका धेरै सदस्य विदेशमा छन् भने नेपालमा रहेकाहरू पनि उतै गएर दशैं मनाउँछन्, यो क्रम अलिक पुरानो भइसकेको छ । तर धेरैजसो भने विदेशमा रहेकाहरू स्वदेश फर्कन्छन् । विदेशबाट दशैं मनाउन फर्कने प्रवृत्ति पछिल्लो परिचायक नै बनेको छ । किनकि विदेश जाने अहिले लहर नै चलेको छ ।

राजनीतिक दलका नेता–कार्यकर्ता पनि दशैं मनाउन गाउँ फर्किएका छन् । सामान्यतया: मान्छे जहाँ हुन्छन्, नेताहरू त्यहाँ पुग्नु राजनीतिक नियम नै हो । त्यसैले नेताहरू अनेक कार्यक्रम लिएर दशैंमा गाउँ पुग्नेछन् । अघिल्ला वर्षहरूको प्रवृत्ति हेर्ने हो भने नेताहरूले शुभकामना आदानप्रदान कार्यक्रम राख्नेछन् । चियापान गर्नेछन्, र एकअर्काबीच शुभकामना आदानप्रदान गर्नेछन् । दशै तिहार जस्ता चाडबाँड मनाउन युवाहरू गाउँ फर्कने भएकाले अनेक प्रतियोगिता यही बेला चल्नेछ । एकप्रकारले गाउँ गुल्जार हुनेछ भने शहर तुलनात्मक शान्त हुनेछ । हुन त यी चाडहरू हिन्दू धर्मालम्बीहरूले मनाउने हुन् । तर नेपालमा दशैं, तिहार, छठ सहित सबैजसो चाडहरू राष्ट्रिय बनिसक्यो । त्यसैले देशको सीमानाले कुनैपनि चाडलाई छेक्न सक्दैन । अमेरिका, अष्ट्रेलिया, जापान, खाडी मुलुक, यूरोप जतासुकै पुगेका नेपालीहरूले दशैं, तिहार सहितका चाडहरू मनाउने गर्छन् ।

चाडहरूको ऐतिहासिकता जेसुकै भएपनि अहिले सद्भावको प्रतीकका रूपमा विकास भएको छ । दशैं, तिहार, नेपाल सम्वत, छठ, इद, क्रिसमस लगायत सबै चाडले राष्ट्रियताको काम गरिरहेको छ । एक धर्मले अर्का धर्मलाई शुभकामना दिने र सँगै उत्सव मनाउने गरिदै आएको छ । अरू कतिपय सन्दर्भमा विभाजनको दृष्टिकोण निर्माण हुने गरेपनि चाडहरूमा एकताबद्ध हुने संस्कृति कायम छ । त्यस्तो संस्कृतिकै कारण सामाजिक सद्भाव कायम रहँदै आएको पाइन्छ । अझ कतिपय प्रकोप र संकटका बेला पनि एकताबद्ध बन्न यस्ता साझा संस्कृतिले काम गरेको छ । अहिलेकै सन्दर्भलाई हेर्दा पनि बाढी पहिरोका कारण मुलुक संकटमा छ । यद्यपि संकटकै बीच एकताबद्ध भएर अगाडि बढ्ने प्रयत्न भइरहेको छ । यो दशैंले अप्ठ्यारोमा परेकाहरूलाई उद्धार गर्न एकताबद्ध पहलकदमी गर्ने प्रेरणा मिलोस् । दशैंको शुभकामना !

# विपत्तिमा साझा एकता

*यतिबेला विपद् पीडितलाई राज्यबाट संरक्षकत्वको आवश्यकता रहेको छ । पीडामा मलम लगाउन सकेको खण्डमा उत्तरदायी जनप्रेमी सरकारको संज्ञा दिन सकिन्छ ।*

अग्रलेख




● फलक शर्मा

मनसुन अन्त्य हुने समयमा पुन: अत्यधिक वर्षाले मुलुकलाई क्षतविक्षत बनायो । जल तथा मौसम विभागले पुन: मनसुन सक्रिय हुने सूचना प्रवाह गरेता पनि अनपेक्षितरूपमा क्षति भयो । त्यति बेला क्षतिको पूर्वानुमान नै गर्न सकिएन । बाढी पहिरोबाट २१ जिल्ला प्रभावित भएकामध्ये काठमाडौं, ललितपुर, काभ्रेपलान्चोक, धादिङ, सिन्धुली, सिन्धुपाल्चोक र मकवानपुर जिल्ला अति प्रभावित भएका छन् । ती जिल्लामा ३७ वटा राजमार्ग अवरुद्ध भएका थिए । जनधनको क्षतिको यकिन विवरण भने आउन सकेको छैन । तर, सर्वाधिक क्षति भने कृषि, पूर्वाधार, सडक, ऊर्जा, खानेपानी, सिँचाइमा भएको देखिन्छ । यो बाढी, पहिरो र डुबानबाट १७ अर्ब सात करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ । यो विवरण प्रारम्भिक मात्र हो ।

विपद्बारे यकिन गर्न नसकिने भएता पनि विपद् व्यवस्थापनमा राज्य कमजोर रहेछ भन्ने कुरामा अहिलेको घटनाले प्रष्ट पारेको छ । सरकारलाई यो आलोचनात्मक टिप्पणीभन्दा सचेत गराउने अस्त्रको रूपमा उभ्याउन जरुरी देखिएको छ । तर, विगतमा रहेका सरकारको नेतृत्व गरेका दल तथा सरकारमा समावेश भएका दलका नेताले राजनीतिक रङ दिन थालेको पनि देखियो । विपत्तिमा एकजुट हुनुको सट्टा असहयोग, जस लिन खोज्ने र आफ्नो पार्टी सरकारमा भएको भए विपद् व्यवस्थापन सहजै गरिन्थ्यो भन्ने आशय सञ्चार माध्यममा पोखेको देखिन्छ । विपद् ढोल बजाएर आउँदैन भन्नेबारे आलोचना गर्ने पक्षले बुझ्नु आवश्यक छ । सरकारका कमीकमजोरी देखिएता पनि सुधार गर्न सुझाव दिने र विपद्को तत्काल संकट टार्नेतर्फ ध्यान पुऱ्याउनु अहिलेका लागि बढी बुद्धिमत्ता हुन्छ । सरकारलाई पूरै दोष थुपारेर मुलुक विपत्तिको शोकबाट उम्कन सक्दैन । आफ्नोतर्फबाट जति सकिन्छ, सहकार्यको मार्फत विपत्तिको सामना गर्नुपर्ने समय आएको छ । साझा प्रयासबाट खोज, उद्धार, राहत र सहयोगमा जुट्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

*विपद्बारे यकिन गर्न नसकिने भएता पनि विपद् व्यवस्थापनमा राज्य कमजोर रहेछ भन्ने कुरामा अहिलेको घटनाले प्रष्ट पारेको छ । यद्यपि, सरकारलाई यो आलोचनात्मक टिप्पणीभन्दा सचेत गराउने अस्त्रको रूपमा उभ्याउन जरूरी देखिएको छ । विपत्मा सबैको हातेमालो पनि अनिवार्य हुन्छ ।*

अवरुद्ध सडक, राजमार्ग सञ्चालन गर्न, यात्रुलाई सकुशल गन्तव्यसम्म पुऱ्याउने जिम्मेवारी सरकारलाई त छँदै छ त्यसमा पनि राजमार्गको छेउछाउमा रहेका होटेल, रेष्टुरेण्डहरूमा भएको महँगी, कालोबजारी, खाद्यान्नको अभावलाई रोक्नुपर्ने दायित्वसमेत तत्काल देखिएको छ । कतिपय स्थानमा चाउचाउ, बिस्कुट, खानाको मूल्यमा



चौ गुणा बढी असुल्ने गरेको समेत यात्रुहरूको गुनासो रहेको छ । विपद्को समयलाई अवसरको रूपमा लिने केही व्यवसायी, व्यापारीको मानसिकताले गर्दा पीडितलाई थप चोट पुग्ने गरेको छ । पीडितलाई तत्काल अस्थायी आवास, खाद्यान्न, स्वास्थ्य सेवा र शान्ति सुरक्षाको प्रबन्ध मिलाउनु प्राथमिक दायित्वअन्तर्गत परेको देखिन्छ । घाइतेको नि:शुल्क उपचार, शवको परीक्षण, पहिचान गरी परिवारलाई हस्तान्तरण गर्ने, मृतक परिवारलाई आर्थिक राहत उपलब्ध गराउने काममा सरकारले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

चाडबाडकै समय नजिकै भएको बाढी पहिरो डुबानले आमजनतालाई असहज बनाएको छ । उपत्यका तथा प्रमुख सहरबाट गाउँघर, थाकथलोमा जानुपर्ने मानिसहरूलाई यात्रा निकै कष्टकर बनाएको छ । अबका दिनमा यस्ता घटना नघटुन् भनी राज्यले विशेष सतर्कता अपनाउनु पर्ने भएको छ । विपद्बाट प्रभावित घरपरिवारलाई राहत, उद्धारलगायतका विषयहरूमा संघ, प्रदेश र स्थानीय तह एवम् सम्बद्ध पक्षसँग आवश्यक समन्वय र सहजीकरण गर्नु आवश्यक छ । सरकारले विपद् व्यवस्थापन कोषमा तत्काल एक अर्ब रुपैयाँ जम्मा गर्ने निर्णय गरेर विपद्लाई साम्य पार्ने काममा सक्रियता देखाएको छ ।

विपद्लाई समयमा नै व्यवस्थापन गर्न नसकेमा नागरिकमा देशप्रतिको माया हराउन सक्छ । विपद् पीडितहरूको मनोविज्ञानमा असर पर्ने, बलात्कारका घटनाहरू घट्ने, लागु औषध दुर्व्यसन, चोरी डकैती, आतंकवादी संगठनमा आबद्ध हुने जस्ता सामाजिक समस्याहरू निम्तन सक्ने खतरा हुन सक्छ । त्यसैगरी, अहिले बढ्दै गएको डेङ्गु, झाडा-पखला, आँखा पाक्ने रोग, कोभिड १९, स्वाइन फ्लु, टाइफाइड, भाइरल ज्वरो जस्ता विभिन्न प्रकृतिका रोगहरूले महामारीको रूप लिन सक्ने जोखिम रहन्छ । विपद् प्रभावित नागरिक समुदायको उद्धार, राहत र पुनर्स्थापनामा वैज्ञानिक तवरबाट समाधान खोज्नु पर्दछ । पुनर्स्थापनालाई दीर्घकालिनरूपमा नै समाधान हुने गरी राज्यले उचित व्यवस्था मिलाउन सक्नुपर्छ ।

विपद्लाई निम्त्याउन दिगो विकासलाई ध्यान नै नदिई हचुवाको भरमा ठुला भौतिक संरचना निर्माण गर्ने, खोला खोल्सा मिचेर घर बनाउने, जग्गा घडेरी करण तथा खण्डीकरण गरी अवैज्ञानिक ढङ्गबाट बस्ती निर्माण गर्ने जस्ता मानवीय मिचाहापनले गर्दा यस्तो ठुलो विपद् हामी सामु आइलागेको हो । त्यस्तै, विकसित देशहरूले अत्यधिक कार्बन उत्सर्जन गर्दा त्यसको दुष्परिणाम नेपालले भोग्नु परेको छ । डोजरे विकासको लहडले गर्दा जमिन थर्किने, गल्ने, खुकुलो हुने जस्ता कारणले यो नियतिको सामना गर्नु परेको तितो यथार्थ हो ।

विपद्लाई रोक्न पर्यावरणको संरक्षण, वृक्षारोपणमा बढोत्तरी, जग्गाको कुशलतम उपयोग गर्न सकेको खण्डमा विपद्जन्य घटनामा न्यूनीकरण गर्न सकिन्छ । खोलानालाको संरक्षण, प्रकृतिप्रति प्रेम भाव झल्काउने, विकासलाई वातावरणमैत्री बनाउनुका साथै, राज्यले वातावरण जोगाउन चेतनामूलक कार्यक्रम जनतामाझ ल्याउन सकेमा भूमीनाश हुनबाट रोक्न सकिन्छ । यतिबेला विपद् पीडितलाई राज्यबाट संरक्षकत्वको आवश्यकता रहेको छ । पीडामा मलम लगाउन सकेको खण्डमा उत्तरदायी जनप्रेमी सरकारको संज्ञा दिन सकिन्छ । विपद्को समयमा विभिन्न राजनीतिक दल, सरकारका निकाय, सरोकारवाला संघसंस्था, स्थानीय स्तरमा रहेका युवा क्लब, नागरिक समाज, महिला समूह लगायतको सहयोग र सहकार्यको मार्फतबाट नै विपद्को सामना गर्न सकिन्छ । तसर्थ, विपद् व्यवस्थापनमा सबै एकजुट भई शोकलाई शक्तिमा रूपान्तरण गर्नु जरुरी छ ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

सङ्गठन बलियो भयो भने नेतृत्व बलियो हुन्छ, नेतृत्व बलियो भयो भने नीति बलियो हुन्छ, नीति बलियो भयो भने सुशासन कायम हुन्छ र सुशासन कायम भए, कानुनी राज्यको अनुभूति दिन्छ । र, कानुनी राज्यको अनुभूति दिन सक्यो भने लोकतन्त्रप्रति जनविश्वासको बलियो आधार बन्छ ।



**- पुरुषोत्तम ढुंगेल**

सरकार जहिले पनि बहुमत र दुई तिहाइकै बन्नुपर्छ । २०/३० सिटको बन्नु भनेको कोट टाईमा लँगौटी लगाए जस्तै हो, बाटोमा हिँड्दा पनि सबै जनताले ट्वाल्ल परेर पनि हेर्छन् र रमाइलोको लागि केही परसम्म पछि-पछि पनि हिँड्छन् । झन् केटाकेटीहरू त यस्तालाई देख्ने बित्तिकै ताली पड्काउने, सुसेलिहाल्ने गर्छन् ।



**- यादव देवकोटा**

पूर्वराजा ज्ञानेन्द्र शाह संसारभर जहाँसुकै जान स्वतन्त्र छन् । नेपाली नागरिक संसारभर आफ्नो औकातअनुसार मान-सम्मान पाउन स्वतन्त्र छन् । उनलाई विदेशमा दिइएको सम्मानले न नेपाली समाजको न नेपाल राष्ट्रको नै अपमान हुन्छ । कोही नेपालीले विदेशमा अपमानित हुनुभन्दा भव्य सम्मान पाउनु राम्रो होइन र ?



**- सुदन किराँती**

सरकार अब त हनिमुन सक्नुहोस्, यदि सकिएको छैन भने छोटाउनुहोस्, जनतालाई धेरै गाह्रो भइसक्यो । महँगीले आकाश छोयो । बाढी पीडितको लागि राहत र पुनर्स्थापना कार्यले तीव्रता पाएन । सडक दुर्घटनाको समाचारमा कमी आएन । सबैले भन्छन्, "सरकारलाई मस्ती, जनतालाई सास्ती !"

# दशैंको सम्झना

दशैं विशेष



● किस्ना आचार्य रोशनी

असोज कात्तिक महिना छर्लङ्ग खुलेको आकाश, धुम्म बादल क्रमश: हटेर फूलका थुँगाका आकृतिमा बदलिँदै आकाशलाई सजाए झैँ लाग्ने मनमोहक दृश्य, सफा सेता टल्किने हिमाल अनि उस्तै प्रस्ट आकृतिमा लहरै उभिएका हरिया पहाड, आलीमा भटमास अनि गह्राभरि पहेँलै लहलह धान झुलेका फाँटहरू । प्रकृतिको अनुपम यो दृश्य, संस्कृतिको रौनक बोकेर आउने दसैं नजिकिएको संकेत गर्न पर्याप्त छ ।

तिथिका हिसाबले असोज कृष्ण प्रतिपदादेखि औंसीसम्म पितृहरूको पर्वको रूपमा सोह्र श्राद्ध मनाइन्छ । दिवङ्गत आफन्तको सम्झनामा मनाइने यो पर्व सकिए लगत्तै अर्थात् असोज शुक्ल प्रतिपदादेखि सुरु हुन्छ बडादसैं । असोज शुक्ल प्रतिपदा अर्थात् घटस्थापना दशैंको पहिलो दिन हो भने कोजाग्रत पूर्णिमासँगै दसैं समापन हुन्छ । घटस्थापनाको दिन पूजा गरी विधिपूर्वक जमरा राखिन्छ भने दशमीदेखि पूर्णिमासम्म टीका र जमरा लगाइ पूर्णिमाको दिन नदी, जलाशय या पानीका अन्य स्रोत नजिक उक्त जमरा सेलाइ विसर्जन गरिन्छ । नवरात्रि आरम्भ भएसँगै हरेक दिन शक्तिकी प्रतीक दुर्गा भवानीको पूजा गरिन्छ । शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री प्रतिपदादेखि नवमीसम्म क्रमिकरूपमा पुजिने शक्तिमाता दुर्गाका स्वरूपहरू हुन् । सप्तमी, अष्टमी, नवमी र दशमी चार दिन बडो धूमधामका साथ मनाइन्छ । सप्तमीलाई फूलपाती भनिन्छ । यस दिन कालरात्रिको पूजन गरिन्छ । घरघरमा हर्षोल्लासका साथ फूलपाती भित्र्याइन्छ । अष्टमीको दिनलाई महाअष्टमी भनिन्छ । यस दिन महागौरीको पूजा गरिन्छ । घरघरमा पूजापाठ गरी उत्सव मनाइन्छ । त्यसै गरी नवमी अर्थात् महानवमीको दिन पनि दुर्गास्वरूपा सिद्धिदात्रीको पूजा आराधना गरी मनाइन्छ ।

शक्ति प्राप्त गर्ने या देवीलाई खुसी बनाउने क्रममा निहत्था र निर्दोष पशुको बलि दिने परम्परा पुनर्विचार गर्नुपर्ने आवाज पनि उठेको पाइन्छ असत्यमाथि सत्यको, दानवविरुद्ध देवताको, असुरमाथि सुरको विजयको उद्घोष भएको स्मरण गर्दै दसौं दिन विजयादशमीको रूपमा काटमार अन्त्य गरी टीका जमरा लगाइ मनाइन्छ । मान्यजनको हातबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्नु दशैंको सबैभन्दा सुन्दर पक्ष हो । यसले हामीलाई आफन्तसँगको सद्भाव कायम राख्न प्रेरित गर्छ ।

पहिलेको कुरा गर्दा किसान वर्गले खेतबारीको कामबाट फुर्सद पाउने, शिक्षक विद्यार्थीका लागि स्कुल कलेज छुट्टी हुने, कर्मचारीका लागि कार्यालय बिदा हुने (सेना-प्रहरीमा भने दसैं बिदा सबैका लागि नमिल्ने) परदेशिएका लाहुरे पनि परिवारसँगै पर्व मनाउन घर फर्किने गरेको पाइन्छ । अध्ययन र रोजगारीको सिलसिलामा जन्मस्थलबाट टाढिएकाहरूलाई गाउँघरसम्म डोऱ्याउने माध्यम बन्थ्यो दसैं । अहिलेजस्तो सवारी साधनको सुविधा नहुँदा पनि परदेश र सहरको बसाइलाई केही दिनलाई थाती राख्दै गाउँ फर्किने लर्को कयौं दिनको पैदल यात्रामा पनि खुसी खुसी निस्कन्थ्यो । खुट्टैले नापिन्थ्यो घरदेखि माइत, मावल र ससुरालीसम्मको दुरी । घरवास छोडेर प्रवास पसेका हुन् या घरबार विहीन नै दशैंमा सबैले गाउँघर नै रोज्थे ।

उतिबेला दसैं कहिले आउला भनेर औंला भाँच्दै दिन गन्दै पर्खिनु, नयाँ लुगा, जुत्ता चप्पल किन्नुको मज्जा अर्कै थियो । आँगनभरि पराले गुन्द्री र मान्द्रोमा बिस्कुन सुकाउनु, अनि कुटानी पिसानीको लागि घट्ट/मिल जानु दसैंअघिको दैनिकी हुन्थ्यो । दशैंको स्वागतमा सिङ्गो गाउँ जुट्दथ्यो । चौतारी, पाटी, पौवा, मन्दिर, चौर र बाटोघाटोदेखि धारा कुवासम्म सरसफाइको अगुवाइ बुढापाकाले गर्थे, तन्नेरीहरू हातमा हात काँधमा काँध मिलाएर साथ दिन्थे । हरेक घरका भाउजू बुहारीले घरभित्र बाहिर गोबर माटोले लिप्ने, त्यसपछि रातो माटो पोत्ने कमेरो छ्याप्ने गर्थे । झ्याल ढोका रङ्गाउन खोटो (रुखको बोक्रा पानीमा पकाएर बनाइने बाक्लो कालो रङ) प्रयोग हुन्थ्यो । आँगनमा असार साउनमै सारिएका सयपत्री गोदावरी आदिले मगमग वासनाको साथमा सहजै मन चोरिरहेका हुन्थे । तगारो करेसा सबै सफा चट पारिन्थ्यो ।

बाटैभरि छुट्टी मान्न घर फर्किएका लाहुरेको क्यासेट र भरिया दाइहरूको सुस्केरा गुन्जिन्थ्यो । अनि घर आउन नपाएका घरमुलीको खबर बुझ्न आएका गृहिणी र लाहुरबाट ल्याएको पाहुर खाने आसमा झुम्मिने केटाकेटीको भीडले लाहुरेको घर आँगन छपक्क ढाकिन्थ्यो । पिँढीमा बसेर घर कुर्दै कुखुरा हेर्ने वयोवृद्ध हुन् कि बारीमा साग छर्दै गरेकी आमा भाउजू या चौरमा सङ्गीको साथमा रमाई रमाई खेलेको बालसुलभ मन जोकोहीलाई स्वत: स्फूर्त आफूतिर आकर्षित गर्ने रेडियोमा बज्ने मालसिरी धुन, दशैंसम्बन्धी गीत, दुर्गा भजन आदिमा शक्तिको भक्ति अनि वर्ष दिनको चाड मनाउन आउन नपाएका खर्च पठाएका यस्तै यस्तै कारुणिक भाव समेटिएका हुन्थे । दशैंमा मनोरञ्जनका लागि पिङ सर्वोत्तम माध्यम बन्थ्यो । पिङ खेल्नमा भन्दा बढी रमाइलो पिङका लागि आवश्यक सामग्री जुटाउनुमा लाग्थ्यो । चर्खे पिंगका लागि रुख काट्न बोक्नदेखि लिङ्गे पिङमा मच्चिन भनेर बाँस खोज्न, डोरी बाट्न पाट र बाबियो जम्मा गर्न उत्तिकै आनन्द आउने ।

हरेक वर्ष दसैं आउनुअघि यसरी नै सम्झनाका कुइनेटाहरूमा अलमलिँदै विगतका केही कल्पनामा डुब्दै समय कटाउने पंक्तिकारको मानसपटलमा यसपालि भने वर्षा सकिएर शरद सुरु भइसक्दा अचानक परेको अविरल वर्षासँगै निम्तिएको बाढी र पहिरोको समाचार अनि त्यसले दिएको सन्त्रास छपक्कै छ । प्रकृति यति क्रूर बनेर खै किन हो बेमौसमी बाढीले घर गोठ एकै निमेषमा बगर तुल्याएको छ भने कतै जीवन लीला नै लेदो भेलसँगै बगेर टुङ्गिएको छ । सुनौला बाला झुलाइरहेका धान खेत लगभग स्थायी बगरमा परिणत भएको नमिठो दृश्य किसानको सन्तान हुनुका कारण पनि बढी बिझाउँदो रहेछ । जनजीवन अस्तव्यस्त, अनिश्चित बनिरहँदा आएको दसैं बाढी पहिरो पीडितका लागि त्रासदी र अन्योलबिच बित्ने भयो ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् । |
| वृष : | प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ । |
| मिथुन : | विरोधी सक्रिय रहनेछन् तर, असफल हुनेछन् । |
| कर्कट : | महत्वपूर्ण भेटघाटको योग छ । यश बढ्नेछ । |
| सिंह : | बाहिरी सहयोगमा वृद्धि हुनेछ । नयाँ काम सफल हुनेछ । |
| कन्या : | खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । यात्रा सफल हुनेछ । |
| तुला : | सबै कार्यमा सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् । |
| वृश्चिक : | विद्यार्थीहरूको लागि राम्रो समय छ । धार्मिक कार्यमा खर्च हुनेछ । |
| धनु : | आयमा वृद्धि हुनेछ । स्वास्थ्यमा सुधार आउनेछ । |
| मकर : | अनावश्यक विवादमा पर्न सकिन्छ । धन लाभको भने योग छ । |
| कुम्भ : | धार्मिक कार्यमा रुचि बढ्नेछ । घरेलु जीवन सुखमय रहनेछ । |
| मीन : | प्रियजनसँग भेट हुनेछ । बिस्तारै सफलता प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सामग्री पुऱ्याउन सक्दो पहल गर्छौं : मन्त्री पौडेल

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले विपद् प्रभावित क्षेत्रमा आवश्यक स्वास्थ्य सामग्री पुऱ्याउन सक्दो पहल गर्ने बताएका छन्। स्वास्थ्य सामग्री अभाव भए मन्त्रालयलाई खबर गर्न उनले आग्रह गरे।



विपद् प्रभावित क्षेत्रका नागरिकलाई सम्बोधन गर्दै मन्त्री पौडेलले पानीको शुद्धीकरण, व्यक्तिगत सफाइ तथा स्वास्थ्य उपचारका लागि आवयश्यक सामग्री मन्त्रालयले पठाएको उल्लेख गरे। 'विपद्पछि पानीको स्रोतमा हुने प्रदूषण र फोहरका कारण पखाला, हैजा वा लामखुट्टेको टोकाइबाट डेंगु र जापानिज इन्सेफ्लाइटिसजस्ता संक्रमणबाट पीडित हुन नपरोस्। हामीले सचेतना र आवश्यक शुद्धीकरण तथा सरसफाइका सामग्री विपद् प्रभावित क्षेत्रमा पठाएका छौं,' उनले भने। सम्बन्धित ठाउँमा ती सामग्री पुगे नपुगेको बारे स्थानीय स्वास्थ्य संस्था वा मन्त्रालयको आपतकालीन सहायता नम्बर ११९५ मा सम्पर्क गर्न उनले आग्रह गरेका छन्।

देश प्राकृतिक विपद्को चपेटामा परेका कारण नागरिकले कष्ट भोगिरहनुपरेको उल्लेख गर्दै मन्त्री पौडेलले बाढी पहिरोका कारण सिर्जित संकटको चुनौतीबाट पार पाइ नसकेको बताए। उनले भने, 'हामीले विपद्का समयमा घाइतेको निःशुल्क उपचारको प्रयत्न गर्यौं। तर अब हामीले यत्तिकैमा सन्तोष मानेका छैनौं। नागरिकको स्वास्थ्यको रक्षा गर्न आवश्यक हरेक प्रयत्नमा हामी तपाईंको साथमा छौं।'

तीनै तहका सरकारको सहकार्यमा स्वस्थ पिउने पानी उपलब्ध गराउने प्रयत्न संघीय सरकारले गरिरहेको र कतिपय स्थानमा तत्काल विकल्प प्राप्त नहुँदासम्म तथा संक्रामक रोगबाट जोगिन पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिउन उनले अनुरोध गरेका छन्। मन्त्री पौडेलले विपद्को घडीमा तमाम कठिनाइबीच आम नागरिकको सेवामा तल्लीन भएको भन्दै स्वास्थ्यकर्मी र स्वयंसेवीलाई धन्यवाद दिएका छन्।

# हाडेकोट खानेपानीको काम अन्तिम चरणमा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ असोज

अर्घाखाँचीको गौरवको खानेपानी योजनाअन्तर्गत छत्रदेव गाउँपालिकामा झण्डै २१ सय घरधुरीमा 'एक घर एक धारा' निर्माण गर्ने गरी बृहत् खानेपानी अयोजनाको काम अन्तिम चरणमा पुगेको छ।

अर्घाखाँचीकै नमुना योजनाका रूपमा रहेको हाँडेखोला चिदीका बृहत् पम्पिङ खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको स्थानीय रामबहादुर रानाले जानकारी दिए।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अर्घाखाँचीले निर्माण कार्य तीव्र बनाएपछि छत्रदेव गाउँपालिकाका वडा नम्बर १, २, ३, ४ र ५ अर्थात साविक चिदीका, बल्कोट, केरुंगा र छत्रगञ्ज गाविसका झण्डै ९ हजार स्थानीय लाभान्वित हुने खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख इन्जिनियर किरण आचार्यले जानकारी दिए।

छत्रदेव गाउँपालिका अर्घाखाँचीमा सबैभन्दा धेरै खानेपानीको समस्या भएको पालिका हो। यस ठाउँका स्थानीय एक गाग्रो पानी ल्याउन घण्टौं लगाएर पँधेरोमा धाउनुपर्ने बाध्यता रहेकोमा अब खानेपानीको समस्या समधान हुने भएको छ।



छत्रदेव गाउँपालिकाको पूर्वमा रहेको वडा नम्बर १ चिदीकादेखि छत्रगञ्जसम्मका ५ वटा वडाका झण्डै २१ सय घरपरिवार लाभान्वित हुने वरिष्ठ निर्माण व्यवसायी राजकुमार बिडारीले जानकारी दिए।

निर्माणाधीन बृहत् पम्पिङ खानेपानी योजना संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अर्घाखाँचीको आर्थिक सहयोगमा बिडारी निर्माण सेवाले ठेक्का सम्झौता गरी काम शुरु गरेपछि अहिलेसम्म झण्डै ८५ प्रतिशत काम सम्पन्न भएको युवा व्यवसायी तथा बिडारी निर्माण सेवाका डाइरेक्टर राजकुमार बिडारीले बताए।

संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय अर्घाखाँचीको ३० करोड २२ लाखको लागतमा खानेपानी योजनाको ठेक्का सम्झौता भएको र सोहीअनुसार सागर बिडारी निर्माण सेवाले निर्माण कार्य अगाडि बढाएको आचार्यले बताए।

२०८१ फागुन ३० गतेभित्र योजनाको काम सम्पन गर्ने गरी २०७९ साल चैत १ गते सम्झौता भएकोमा सम्झौता अगावै योजनाको काम सम्पन्न गर्ने गरी आफूले काम गरिरहेको बिडारीले बताए। योजना निर्माण शुरु भएको १८ महिनाको अवधिमा झण्डै ७० प्रतिशत भौतिक प्रगति भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख इन्जिनीयर आचार्यले जानकारी दिए। वित्तीय प्रगति ६० प्रतिशत भइसकेको आचर्यको भनाइ छ। २ स्टेज पम्पिङ रहेको यो योजनामा कलेक्टर वेलबाट माथि ट्रिटमेन्ट प्लान्टमा पहिलो पम्पिङ गर्ने र त्यस स्थानमा पानी प्रशोधित भइसकेपछि मौलीपोखराको ६० घन मिटरको ट्यांकीमा पानी जान्छ। मौलीपोखराको ट्यांकीबाट सिधै कोटमा रहेको १ सय २० घन मिटरको ट्यांकीमा पानी खसालेपछि त्यहाँबाट ५ वटा वडाका विभिन्न स्थानमा बनेका ट्यांकीमा पानी लैजाने गरी काम अगाडि बढेको इन्जिनीयर सुदीप ज्ञवालीको भनाइ छ।

खानेपानी आयोजनामार्फत झण्डै २१ सय घरधुरीमा एक घर एक धारा बन्ने भएपछि सबै उपभोक्ताहरू खुसी भएको हाडेखोला चिदीका बृहत् पम्पिङ खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिका उपाध्यक्ष हरि खनालले जानकारी दिए।

जिल्लाकै गौरवको योजनाका रूपमा रहेको यो योजना सम्पन्न भएपछि बिहानै उठेर घण्टौं लगाएर पँधेरोबाट पानी ल्याउने बाध्यता पनि हट्ने भएपछि सबै उपभोक्ता खुसी भएको उपभोक्ता समितिका उपाध्यक्ष हरिप्रसाद खनालको भनाइ छ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय अर्घाखाँचीले गुल्मी, पाल्पा, अर्घाखाँचीका धेरै योजनाहरु सम्पन्न गर्न लागेको छ। निर्माण कम्पनीहरुले काम पूरा गरेपनि सरकारले कामअनुसारको पैसा व्यवसायीलाई भुक्तानी गर्न नसक्दा व्यवसायीहरु निकै मर्कामा परेका छन्।

# जुम्ला प्रहरीको नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २३ असोज

जिल्ला प्रहरी कार्यालय जुम्लाले नागरिक सुनुवाइ तथा विजयादशमी, छठ पर्वको शुभकामना आदन प्रदान कार्यक्रम आयोजना गरेको छ। जुम्लाको शान्ति सुरक्षा र प्रहरी कार्यालयले गरेको कार्य प्रगतिको बारेमा जानकारी दिन नगारिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो।



जुम्ला प्रहरीले चाड पर्वलाई मध्यनजर गरी शान्ति सुरक्षालाई मजबुत बनाउन सुरक्षा कार्ययोजना बनाएको प्रमुख जिल्ला अधिकारी राम बहादुर शाहीले बताए।

प्रहरीले नागरिकलाई प्रभावकारी सेवा सहजरुपमा प्रदान गर्न सबै प्रहरी चौकीमा नागरिक सहजकर्ता प्रहरी परिचालन गरिएको डिएसपी छेदीलाल कामतीले बताए। उनले जिल्लामा अपराध नियन्त्रण, शान्ति सुरक्षा अमनचयन कायम हुनुका साथै नागरिकमैत्री प्रहरी सेवाको सुनिश्चितता भएको कार्यक्रमहरु गर्दै आएको बताए। कार्यक्रममा उठेका प्रश्न तथा गुनासाहरूलाई सम्बोधन गर्दै प्रहरी नायव उपरीक्षक कामतीले समाजमा रहेका कुरीति तथा विसंगतिहरुलाई चिर्न नागरिकको भूमिका पुलको रुपमा रहेको हुनुपर्ने बताए।

त्यस्तै नगरिक सुनुवाइ कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले सामुदायिक प्रहरीसँग हातेमालो गर्दै प्रहरीलाई सूचना दिने तथा गलत प्रवृति देखेमा त्यसलाई नियन्त्रण गर्नका लागि सुझाव तथा सल्लाह दिनुपर्ने बताए। उनले अपराध नियन्त्रण र अनुसन्धान कार्यमा सहयोग गर्न नागरिकलाई अनुरोध गरे।

सहभागीहरुले लागुऔषध दुर्व्यसनीका घटनाहरू बढेकाले यस्ता घटनालाई न्यूनीकरण गर्न सामुदायिक स्तरमा नै जनचेतनामूलक कार्यक्रम गर्न हरेक स्थानीय निकाय सक्रिय हुनुपर्ने बताए।

# चन्दले पाइन् विशेष नागरिक अवार्ड

**काठमाडौं/मस–** मोफसलकी 'मेकअप आर्टिष्ट' निर्मला चन्दले 'विशेष नागरिक अवार्ड' प्राप्त गरेकी छिन्। काठमाडौंको प्रज्ञा भवनमा आयोजित 'सामाजिक रुपान्तरणका लागि नागरिक समाज'को '१८औं वार्षिकोत्सव'को अवसरमा 'विशेष नागरिक अवार्ड तथा स्रष्टा सम्मान-२०८१' को क्रममा उनलाई कार्यक्रमका प्रमुख अतिथि एवं संघीय संसद्का उपसभामुख इन्दिरा रानामगर र आयोजक संस्था नागरिक क्रियशनका अध्यक्ष यामबहादुर जिसीले सो अवार्ड प्रदान गरेका हुन्।




'सामाजिक रुपान्तरणका लागि नागरिक समाजको १८औं वार्षिकोत्सवको अवसरमा राष्ट्रव्यापीरुपमा आयोजना गरिएको प्रतिष्पर्धात्मक प्रतियोगितामा तपाईंलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्णायक समितिको निर्णयअनुसार विशेष नागरिक सम्मान-२०८१ प्रदान गरिएको छ' चन्दलाई प्रदान गरिएको प्रमाणपत्रमा भनिएको छ- 'सामाजिक रुपान्तरणका लागि तपाईंले आफ्नो क्षेत्रबाट पुर्‍याउनुभएको अमूल्य योगदानको हामी उच्च कदर गर्दै उत्तरोत्तर प्रगतिसहित उज्ज्वल भविष्यको कामना गर्दछौं।'

उसो त विद्यालय, कलेज, जिल्ला, अञ्चलदेखि देशव्यापी स्तरसम्म भएका विभिन्न प्रतियोगितामा भाग लिएर अभिनन्दित, पुरस्कृत र अवार्ड सहित सम्मानित चन्दले सर्वोत्कृष्ट 'मेकअप आर्टिस्ट'को हैसियतले यसअघि पछिल्लो पटक २०८१ भदौ २७ मा 'चौथो स्पाइनी ब्याब्लर इन्टरनेशनल फिल्म फेस्टिभल-२०२४' प्राप्त गरेकी छिन्। आफ्नो पेशा-क्षेत्रबारे उनी प्रष्ट्याउँदै भन्छिन्- 'विवाहदेखि, पार्टी, फोटोसुट, म्युजिक भिडियो, टेलिफिल्म, फिल्म, फेशन सो आदि सबैमा सौन्दर्य कला र कलाकर्मीको आवश्यकता पर्छ। विभिन्न संस्थामार्फत बाहिर प्रशिक्षण दिन जाँदा मनग्गे आम्दानी हुन्छ भने कतिपय बेला त्यस्तै दुई/अढाइ घण्टा मेकअप गरेबापत पाँचदेखि २०/२५ हजार रुपैयाँसम्म कमाइ हुन्छ। मेकअप आज चाहिने, भोलि नचाहिने भन्ने हुँदैन। नेपालमा पनि सौन्दर्य पेशा/व्यवसायप्रति हेरिने दृष्टिकोण समय परिस्थितिसँगै क्रमशः बदलिन थालेको छ।'

# नवनिर्मित दुर्गा माता मन्दिरको समुद्घाटन

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २३ असोज

इलाका प्रहरी कार्यालय बरियारपट्टी सिरहाको परिसरमा नव निर्मित दुर्गा माता मन्दिरको समुद्घाटन गरिएको छ। सिरहाको बरियारपट्टी गाउँपालिका वडा नं.३ मा रहेको जिल्ला प्रहरी कार्यालय सिरहाको मातहतमा रहेको इलाका प्रहरी कार्यालय बरियारपट्टी सिरहाको परिसरमा नवनिर्मित श्री दुर्गा माता मन्दिरको समुद्घाटन गरिएको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका कार्यालय प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डित, स्थानीय नागरिक, समाजसेवी, प्रहरी कर्मचारीलगायतको उपस्थितिमा नवदुर्गा भगवती माता मन्दिरको प्राण-प्रतिष्ठान गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।


## Birgunj Metropolitan City
## Office of the Municipal Executive
**Birgunj, Parsa**

### Notice of Invitation for Electronic Bid

**First Date of Publication: 2081/06/24 (10th October 2024)**

1. Birgunj Metropolitan City, Birgunj, Parsa invites electronic bids from eligible Nepalese bidders for the following goods:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1 | BMC/NCB/ GOODS/2081/082/03 | Supplying and Delivering of Medicinal and Surgical Items For Birgunj Metropolitan Office. | 3,000.00 | 90 days | 200,000 /120 days |
| Deadline for Bid Submission: | | | 2081/07/26 (11th November 2024) till 12:00 Noon | | |
| Date, Time and Place of Bid Opening: | | | 2081/07/26 (11th November 2024) 2:00 PM at Birgunj Metropolitan City, Birgunj | | |
| Account Number for Bid Document Purchase: | | | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 | | |
| Account Number for Bid Security Deposit: | | | Account Name: Birgunj Metropolitan City<br>Bank Name: Rastriya Banijya Bank, Birgunj Branch<br>Account Number: 1250100303000002 | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan City, Birgunj, Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.



CHAY-YA NEPAL

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०६/२४**

हिमाल, पहाड र तराईका दुर्गम क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य तथा सीमान्तकृत र न्यून आय भएका मानिसहरुको जीविकोपार्जनमा दिगो सुधार गर्ने ध्ययेका साथ स्थापना भएको गैर नाफामूलक संस्था हो छाँ-या नेपाल। छाँ-या नेपालले हाल शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, वातावरण संरक्षण, महिला सशक्तिकरण मार्फत जिविकोपार्जन तथा मानवीय सहायताका क्षेत्रमा नेपालका सातवटै प्रदेशमा कार्य संचालन गरिरहेकोछ।

हाल यस संस्थाले शिक्षा क्षेत्रमा विद्यालय पुनर्निमाण तथा पुनःस्थापना परियोजना अन्तर्गत तपसीलमा उल्लेख गरिए अनुसार निर्माण कार्य गर्न लागिरहेकोछ।

**तपसील:-**

१. धादिङ - ज्वालामुखी गाउँपालिका, वडा नं.-२ मैदी स्थित श्री ठूलोचौर माध्यमिक विद्यालयको ४ कोठे भवन १
२. झापा - कन्काई नगरपालिका, वडा नं.-१, सुरुङ्गा स्थित श्री कन्काई माध्यमिक विद्यालयको ४ कोठे छात्रावास भवन- १

यसै सन्दर्भमा उक्त उल्लेखित जिल्लाका पालिकाहरुमा १/१ वटा विद्यालय र छात्रावास भवन निर्माणको लागि निर्माण सामग्रीहरु आवश्यक भएकोले उक्त विद्यालय भवन निर्माणका लागि आवश्यक निर्माण सामाग्रीहरु खरिद गर्न तथा उक्त विद्यालयसम्म आपूर्ती गर्नको लागि स्थानिय, योग्य र इच्छुक आपूर्तिकर्ता फर्म र व्यापारिक प्रतिष्ठानहरुबाट गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोछ। स्थानिय योग्य र ईच्छुक आपूर्तिकर्ता फर्म र व्यापारिक प्रतिष्ठानहरुले आवश्यक सामग्रीहरुको सूची सहित प्रस्तावित निर्माण सामाग्रीहरुको दरभाउ शिलबन्दी गरी यस छाँ-या नेपाल संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु हुन यो बोलपत्र आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र **०८ कार्तिक २०८१** सम्ममा संस्थाले कार्यादेशमा उल्लेख भएको मिति समय र स्थानमा तोकीए अनुसार पेश गरी सक्नुपर्नेछ। म्याद पश्चात आएको कागजात सदर गरिने छैन। फर्म तथा आपूर्तिकर्ता छनोट गर्ने साथै प्रक्रिया नपुगेका कागजात रद्द गर्ने वा स्थगन गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ। छनोट गर्दा स्थानिय सप्लायर्सलाई पहिलो प्राथमिकता दिईनेछ।

**कार्यादेश** (**Terms of Reference**), बोलपत्र फारम तथा अन्य थप जानकारीको लागि छाँ-या, नेपालको ईमेलः- nepal@chay–ya.org मा वा अन्य जानकारीको लागि संस्थामा सम्पर्क गरि लिन सकिनेछ।

**काठमाडौं कार्यालय**
**छाँ–या, नेपाल**
**टोखा-९, काठमाडौं**
**सम्पर्क नं.: ०१-४९५४९४८ र ९८०३९८६४५६**
**ईमेलः- nepal@chay–ya.org**



## साउदीमा रोजगार

कम्पनीः ERTIKAZ AL SHARQ TRANSPORT COMPANY ONE PERSON — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०६/२२ — चलानी नं.: ६०२२६४७२ — L.T. No.: 312012

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 7 | 0 | स. काममा दक्ष | 1800 | ६४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ५ गते (21 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

# राजस्व संकलनमा अब्बल बन्दै ट्राफिक प्रहरी कार्यालय अर्घाखाँची

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ असोज



ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले जिल्लामा आउने र जिल्लाबाट बाहिर जाने सवारी साधनको चापलाई ध्यानमा राखी यात्रु सहायता कक्षको स्थापनासहित टाइम कार्ड लागू गरेको छ ।

चाडपर्वमा हुने भीडभाडमा यात्रुको सहजताका लागि जिल्ला प्रहरी कार्यलय अर्घाखाँची र जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले सन्धिखर्क, शान्ति बगैंचा ठाडा दहमा यात्रु सहायता कक्ष स्थापना गरी टाइम कार्ड लागू गरेको हो ।

ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले ट्राफिक नियम उल्लंघन गर्ने चालकहरूबाट खिचिएका कागजपत्रहरुको अभिलेख व्यवस्थापनका लागि जिल्ला ट्राफिक प्रहरी कार्यलय अर्घाखाँचीले सञ्चालनमा ल्याएको ट्राफिक भायोलेसन रेकर्ड सिष्टम (टीभीआरएस) असार १ गतेदेखि शुरु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख निराज गौतमले मध्यान्हलाई जानकारी दिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख गौतमका अनुसार सेवाग्राहीलाई कागजपत्र फिर्ता लिन सहज र सरल होस् भन्ने अभिप्रायले उक्त सेवा विस्तार गरिएको हो । यसले सम्बन्धित क्षेत्रको ट्राफिक कार्यालयबाट नै कागजपत्र प्राप्त गर्ने हुँदा जिल्ला ट्राफिक कार्यालयमा आइ लाइन बस्नुपर्ने झन्झटबाट मुक्त हुने र समयको समेत बचत हुने गौतमले जानकारी दिए ।

अर्घाखाँचीभित्र विभिन्न क्षेत्रमा ट्राफिक कारबाहीमा परेका सवारी धनी तथा सवारी चालकहरुलाई कारबाहीका लागि खिचिएका कागजपत्रहरु सोही स्थानको ट्राफिक प्रहरी तथा जनसेवा क्षेत्रमा नियमानुसार तोकिएको जरिवाना भुक्तान गरेपश्चात फिर्ता लिन सकिने व्यवस्था मिलाइएको छ । उनले भने, 'मापसे, लेन र रात्तो बत्ती कारबाहीमा परेका कागजपत्रहरू भने जिल्ला ट्राफिक कार्यलय अर्घाखाँचीमा सचेतना कक्षा पश्चात लिन सकिने व्यवस्था गरिएको छ ।'

ट्राफिक प्रहरीले सचेतनाका लागि विभिन्न विद्यालयमा गइ सचेतना कक्षाहरुसमेत सञ्चालन गर्दै आइरहेको छ । जिल्लाका विभिन्न एक दर्जन बढी विद्यालयमा कक्षा सञ्चालन गरिएको प्रमुख गौतमले जानकारी दिए ।

यस्तै ट्राफिक कार्यालय अर्घाखाँचीले चालु आर्थिक वर्ष २०८०/२०८१ देखि असोज १८ गतेसम्म यात्रुवाहक बस ६ सय ६८, मालवाहक ट्रक ७ सय ७५, जिप तथा कार २४ सय ६४, मोटरसाइकल २६ सय ४ र ट्याक्टर ४ सय ६९ र अन्य गाडी २ सय ९० वटालाई कारबाही गर्दा ४४ लाख १५ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यलय प्रमुख गौतमले जानकारी दिए ।

असार १ गतेदेखि सवारी कारबाहीमा परी तिर्नुपर्ने जरिवाना रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता तथा ई-सेवा मार्फत सोझै तिर्ने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ ।

# राजदेवीमा स्वास्थ्य किट तथा राहत सामग्री वितरण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ असोज




रौतहटको राजदेवी नगर पालिकामा राहत सामग्री वितरण गरिएको छ । राजदेवी नगर पालिका वडा नं १, ३ र ५ का सुत्केरी महिलाहरुका लागि स्वास्थ्य किट वितरण गरिएको हो । एक कार्यक्रमका बीच नगर प्रमुख भिखारी प्रसाद यादवले उक्त सामग्री वितरण गरेका हुन् ।

साथै सो नगरपालिकाको वडा नम्बर ६ र ९ का २ सय ५० जना बाढी पीडित परिवारलाई राहत वितरण गरिएको छ । बाँकी रहेका बाढी पीडित परिवारलाई पनि राहत दिने व्यवस्था भइरहेको बताउँदै नगरप्रमुख यादवले नआत्तिन पीडित परिवारलाई आग्रह गरे ।

# खुम्बु क्षेत्र पर्यटकले खचाखच लुक्लामा एकै दिन दुई सय उडान

**सोलुखुम्बु/मस–** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण तथा खुम्बु क्षेत्रको पदयात्रामा आएका पर्यटकले यो मनमोहक स्थान भरिभराउ भएको छ । लुक्ला विमानस्थलमा एकै दिन दुई सय उडान भएका छन् ।



नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाका प्रमुख उमेश पन्थीका अनुसार मंगलबार रामेछापको मन्थली र काठमाडौंबाट एक सय ९८ वटा उडान भएका हुन् । हवाईजहाजले ६१ र हेलिकप्टरले एक सय ३९ उडान भरेका छन् । उक्त दिन एक हजार पाँच सय ३९ जना पर्यटक खुम्बु भित्रिएका छन् ।

हवाईजहाजबाट एक सय ६७ स्वदेशी र छ सय ६७ जना विदेशी गरी आठ सय ४ तथा हेलिकप्टरबाट छ सय ९५ पर्यटक लुक्ला ओर्लिएका उनले बताए । पर्यटक आगमनको याम सुरु भएकाले उडान संख्या अझै बढ्ने उनले बताए । यद्यपि पर्यटक लिएर काठमाडौं र रामेछापको मन्थलीबाट आएका विमान प्रायः रित्तै फर्कने गरेका छन् । लुक्ला आउने पर्यटकको चाप हुने भएकाले फर्कनेको सङ्ख्या न्यून हुने गरेको तारा एयरलाइन्सका अमृत मगरले बताए ।

पदयात्राको याम सुरु भएसँगै पर्यटन व्यवसायीसमेत उत्साहित बनेको नाम्चेका व्यवसायी लामाकाजी शेर्पाले बताए । उनले भने, 'अहिले हामीलाई पाहुनाको सत्कारमा भ्याइनभ्याइ छ ।'

पर्यटन मार्गमा पर्ने लुक्ला, जोरसल्ले, फाक्दिङ, नाम्चे, खुम्जुङ, तेङ्बोचेलगायत ठाउँका होटल व्यवसायी पर्यटकको स्वागत सत्कारमा व्यस्त छन् । त्यस क्षेत्रका बाटो, चौतारा तथा होटल, लज पर्यटकले नै भरिभराउ छन् । सगरमाथा क्षेत्रमा प्रवेश गर्ने पर्यटकको जोरसल्ले प्रवेशद्वारमा अनिवार्य दर्ता गर्ने व्यवस्था रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका सूचना अधिकारी मनोजकुमार मण्डलले बताए ।

२०३२ मा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज एक हजार एक सय ४८ वर्ग किमी क्षेत्रफलमा फैलिएको छ । निकुञ्जभित्रको गोक्यो ताललाई सन् २००७ मा रामसार सूचीमा समावेश गरिएको सूचना अधिकारी मण्डलले जानकारी दिए ।

# थापाले निभाए कुशल निर्णायकको भूमिका




**काठमाडौं/मस–** गायक नारायण थापाले 'सामाजिक रुपान्तरणका लागि नागरिक समाज'को '१८औं वार्षिकोत्सव'को अवसरमा 'विशेष नागरिक अवार्ड तथा स्रष्टा सम्मान-२०८१' मा कुशल निर्णायकको भूमिका निर्वाह गरेका छन् ।

'सामाजिक रुपान्तरणका लागि नागरिक समाजले आफ्नो गौरवमय १८औं वार्षिकोत्सवको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा आयोजित राष्ट्रिय विशेष नागरिक पुरस्कार एवम् स्रष्टा सम्मान-२०८१ मा निर्णायक सदस्यको रुपमा तपाईंको निष्पक्ष मूल्यांकन र अमूल्य योगदानको कदर गर्दै यो प्रसंशा-प्रमाणपत्रद्वारा विभूषित गर्दछौं,' प्रमुख अतिथि एवं संघीय संसद्का उपसभामुख इन्दिरा रानामगर र नागरिक क्रियसन प्रा.लि.का अध्यक्ष यामबहादुर जिसीले थापालाई प्रदान गरेका प्रसंशापत्रमा भनिएको छ, 'हामी तपाईंको कार्यप्रतिको समर्पण र विशेषज्ञताको कदर गर्दछौं र भविष्यमा आफ्नो कार्यक्षेत्रमा अतुलनीय योगदानको उच्च अपेक्षा राख्दछौं ।'

उसो त गायक थापा यसअघि पनि विभिन्न दर्जनौं सरकारी-गैर सरकारी संस्थाबाट अभिनन्दन, पुरस्कार र अवार्ड सहित सम्मानित भएका छन् । 'राष्ट्रिय वर्ष व्यक्ति सम्मान-२०७८', 'राष्ट्रिय संगीतकर्मी सम्मान-२०७९', 'नेपाल म्युजिक एण्ड फेसन अवार्ड सम्मान-२०२२', 'राष्ट्रिय व्यक्तित्व तथा प्रतिभा सम्मान-२०८० ', 'सगरमाथा कला सम्मान-२०८० ', 'राष्ट्रिय विलक्षण प्रतिभा सम्मान', 'राष्ट्रिय व्यक्तित्व सम्मान-२०८१', 'जिनियस म्युजिक अवार्ड-२०७८', 'नेपाल आर्ट कल्चर एण्ड मुभिज् अवार्ड-२०७८', 'चौथो म्युजिक एण्ड फेसन अवार्ड-२०२३', 'स्पर्स म्युजिक अवार्ड-२०२३', छैटौं सगरमाथा म्युजिक अवार्ड-२०८१', '११औं नेपाल-अफ्रिका फिल्म फेस्टिभल-२०२३' (निर्णायक), '११औं म्युजिक खबर म्युजिक अवार्ड-२०८१' (निर्णायक) आदि यसैको ज्वलन्त उदाहरण हुन् ।

थापाको 'चोखो मायामा', 'आजकलका मुनामदन', 'माया जालैमा', 'नघोच यो छाती', 'रातभरि', 'डब्बल पारेर', 'तिमीलाई नै', 'तिम्रो आकर्षणले', 'तिम्रो मुटु मेरो मुटु', 'बुङ्गो' आदि गीत निकै चर्चित मानिन्छन् । उनी राष्ट्रिय स्रष्टा तथा प्रस्तोता प्रतिष्ठानको कोषध्यक्ष, पिम नेपालको सचिव, प्रस्तोता समाजको सदस्य, राष्ट्रिय लोक साँस्कृतिक प्रतिष्ठानको मानार्थ सदस्य, सहयात्रा नेपालको मानार्थ सदस्यसमेत हुन् । ६ दर्जनभन्दा बढी गीत गाइसकेका थापाको चौथो एल्बम 'आभूषण' छिट्टै आउने तयारीमा छ ।

# धवलागिरिमा तीन महिनापछि यातायात सञ्चालन

**म्याग्दी/मस–** भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिकाका सडकहरुमा तीन महिनापछि यातायात सञ्चालन हुन थालेका छन् । सात वटा वडा रहेको धवलागिरिको गाउँपालिकाको केन्द्र जोड्ने बेनी-दरवाङ-धारापानी-ताकम-मुना बाहेक अन्य सडकहरु बाढी र पहिराका कारण गत असार महिनाको अन्तिम सातादेखि अवरुद्ध भएका थिए । धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बर्खा रोकिएपछि डोजर परिचालन गरेर पहिरो पन्छ्याएर सबै सडकमा सहज रुपमा यातायातका साधानहरु व्यवस्था मिलाएको जानकारी दिए । 'सडकमा खसेको पहिरो पन्छ्याउने, भत्किएको ठाउँमा मर्मत र खोलाहरुमा डाईभर्सन बनाएर सवारी साधन सञ्चालन हुने बनाएका छौं', उनले भने, 'हिन्दू धर्मावलम्बीहरुको प्रमुख चाड दसैं मनाउन विदेश तथा सहर बजारबाट गाउँ फर्किने सर्वसाधारण गाडी चढेर गाउँमा पुग्न पाएका छन् ।' सडकमा सवारी साधन सञ्चालन भएपछि स्थानीयबासीलाई आवत जावतका साथै निर्माण, दैनिक उपभोग्य सामग्री ढुवानी, कृषि तथा पशुजन्य बस्तु बिक्रीका लागि बजार पठाउन सहज भएको धवलागिरि गाउँपालिका-२ लुलाङका वडा अध्यक्ष अकप्रसाद बिकले बताए ।

सडक मर्मत भएपछि यातायात कम्पनीहरुले बस, जिप सञ्चालन गरेका छन् । इन्धनको भाउ घटेकाले भाडादर पनि समायोजन गरिएको छ । लुलाङ, खोरीया, लमजुङ, मुना, फलीयागाउँ, दर, मुदी, नाउरा, खिवाङ, मलम्पार, मल्कवाङ, बुल, मराङ, राम्चे, आरवाङ, ताकम, धारापानी, शिवाङ, मच्छिम, हिलापोखरी काफलडाडाको बस्तिका सडक मर्मत गरिएको हो ।

धवलागिरि गाउँपालिकाको वडा नम्बर -१ गुर्जा बाहेकका वडा र सबैजसो बस्तिहरुमा सडक सुविधा पुगेको छ । धवलागिरि-२ लुलाङदेखि गुर्जा जोड्ने सडक आयोजना निर्माणाधीन रहेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए ।

## जनज्योति बचत तथा ऋण सहकारी संस्थाद्वारा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

**राहुल गुप्ता/मध्यान्ह**
बारा, २३ असोज

बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १४ रजघट्टामा हेको श्री जनज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले दशैं, तिहार, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा बधाई सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष भिम बहादुर केसीको अध्यक्षतामा भएको सो कार्यक्रमका प्रमुख अतिथि जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १४ रजघट्टाका वडाध्यक्ष चयन गुरुङले दशैंको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रमुख चन्द्रमणि भट्टराई, जिल्ला बचत तथा सहकारी संघ बाराका राजु प्रसाद अधिकारी, अस्थायी प्रहरी पोस्ट डुमरवानाका प्रहरी सहायक निरीक्षक निलप्रसाद मैनाली, सप्तरंगी साकोसका शोभा केसी, उद्यमशील साकोसका ओमनाथ पौडेल, मुना खरेल, शालिकराम अधिकारी, राजु कुमार कार्की, यज्ञ प्रसाद तिवारी, हेमा कुमारी क्षेत्री, वेद कुमारी लामिछानेलगायतको उपस्थिति रहेको थियो ।

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1010003036 | Sulaxena Shrestha | K.m.c-26 Kathmandu |
| 2 | PLI1610002642 | Naba Raj Chapain | Kurgha - 3 Parbat |

## सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोषको ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदान कर्ताको सन्तुष्टि प्रति सदैव समर्पित र हँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता जनाउँदै सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**उपलब्ध सेवा तथा सुविधाहरु :**

- सञ्चय कोष र निवृत्तभरण कोषमा वार्षिक ब्याजदर ५.५ प्रतिशत (आ.व.२०८१/८२) ।
- **सापटी सुविधाहरुः** विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी र जग्गाखरिद सापटी ।
- **सञ्चयकर्ता स्वास्थ्य उपचार योजनाः** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग** तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू.१ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवा अवधि भरमा अधिकतम रु.१० लाखसम्म रकम शोधभर्ना गरिने ।
- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरुः** सुत्केरी तथा शिशु स्याहार योजनाः प्रति प्रसूति रु.७,५००, दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रु.२ लाखसम्म, काजकिरिया योजनाः हकवालालाई आर्थिक अनुदान स्वरुप रु.४० हजार प्रदान गरिने ।
- **योगदानमूलक निवृत्तभरण योजनाः** २०७६ श्रावण १ गते पछि स्थाई नियुक्ति हुने नेपाल सरकारका कर्मचारी तथा सार्वजनिक निकायका कर्मचारीको लागि ।

**संक्षेपमा कोष :**

- सञ्चयकर्ता संख्याः ५ लाख ७५ हजार
- योगदानकर्ता संख्याः ८० हजार ४ सय
- सञ्चय कोष मौज्दातः रु. ५१८ अर्ब ४८ करोड
- निवृत्तभरण कोषः रु. ११ अर्ब २१ करोड
- जगेडा कोष तथा बचतः. रु. ३५ अर्ब ५१ करोड
- दायित्वहरुः रु. ६ अर्ब १३ करोड
- कूल स्रोतः रु. ५७१ अर्ब ३३ करोड
- कूल लगानीः रु. ५५१ अर्ब ५३ करोड

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर ।
फोन नं.: ५०१०१६५, ५०१०१६६
website: www.epf.org.np, Call Center: 5970041

## यूएईमा रोजगार

कम्पनीः CAPITAL GENERAL CONTRACTING LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/२१ चलानी नं.: ६०२२६४९८ LT. No.: 311896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1800 | ६५,७०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob: 9741690732, 9829217688, 9851100368 E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ९४८/०६७/०६८

## Maldives मा रोजगार

कम्पनीः FEDO PRIVATE LIMITED शहरः Maldives
पूर्व स्वीकृत मितिः २०८१/०६/२३ चलानी नं.: ६०२२६५०३ LT. No.: 312052

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bar Bender | 30 | 0 | सम्बन्धित काममा दक्ष | 375 | ५०,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Finishing Carpenter | 30 | 0 | | 400 | ५३,६२० | | | | | | | |
| 3. | Finishing Supervisor | 1 | 0 | | 800 | १०७,२४० | | | | | | | |
| 4. | General Labor | 90 | 0 | | 300 | ४०,२१५ | | | | | | | |
| 5. | Mason | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 6. | Painter | 40 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 7. | Shuttering Carpenter | 40 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 8. | Site Supervisors | 5 | 0 | | 800 | १०७,२४० | | | | | | | |

कम्पनीः FINE SOLUTIONS, शहरः Male पूर्व स्वीकृत मितिः २०८१/०६/२३ चलानी नं.: ६०२२६५०४ LT. No.: 312109

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bar Bender | 30 | 0 | स. काममा दक्ष | 375 | ५०,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Block And Plaster Mason | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 3. | Carpenter | 50 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 4. | Electrician | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 5. | General Labour | 150 | 0 | | 300 | ४०,२१५ | | | | | | | |
| 6. | Plumber | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 7. | Project Manager | 2 | 0 | | 1500 | २०१,०७५ | | | | | | | |
| 8. | Shuttering Carpenter | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |
| 9. | Sub Engineer | 2 | 0 | | 1000 | १३४,०५० | | | | | | | |
| 10. | Supervisor | 5 | 0 | | 500 | ६७,०२५ | | | | | | | |
| 11. | Tile Mason | 30 | 0 | | 375 | ५०,२६९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE GALAXY OVERSEAS PVT. LTD.
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Mobile No. : 9841337113, Website : www.bluegalaxyovs.com
Gov. Lic. No. 186/057/058

## साउदीमा रोजगार

कम्पनीः AL MOROJ COMPANY शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०६/२३ चलानी नं: ६०२२६५०६ L.T. No.: 311163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer & Unloading | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १ गते (17 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

एशोसिएट्स वेलकम इन्टरनेशनल प्रा. लि.
सामाखुसी, काठमाडौं, फोनः ०१-५९०६५०८,राजेशः ९८०१०९२१७४, लक्ष्मीः ९८०२३५३७८३
अफिसः ९८०१०९२८७१, E-mail : hrwelcomeintl@gmail.com
श्रम इजाजत पत्र नं.: १०२२/०६८/०६९

## SAUDI र UAE मा रोजगार

कम्पनीः PRECISION ENGINEERING WORKS COMPANY शहरः Dammam
पूर्व स्वीकृत मितिः २०८१/०१/२४ चलानी नं.: ६०२१९०६० LT. No.: 304303 पुनः विज्ञापन

